नेपाल सरकार
# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरवार, काठमाडौं
नेपाल ।

पत्र संख्याः
च.नं.:

## प्रेस विज्ञप्ति

आज मिति २०८१/८/१३ गते (तदनुसार २८ नोभेम्वर, २०२४) गतेका दिन "Nepal China Coordination Mechanism on Border Trade and Cooperation" को दोस्रो बैठक काठमाडौंमा सम्पन्न भयो। उक्त बैठकमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव (वाणिज्य तथा आपूर्ति) श्री गोविन्द बहादुर कार्कीले गर्नुभएको थियो भने चीनको तर्फबाट सिजाङ स्वशासित क्षेत्रका कार्यकारी उप-प्रमुख महामहिम् Chen Yongqi ले नेतृत्व गर्नुभएको थियो। दुवै देशका प्रतिनिधिमण्डलमा अन्य सम्बन्धित निकायका प्रतिनिधीहरु सहभागी रहनुभएको थियो।

उक्त संयन्त्रको वैठकको सुरुमा अघिल्लो वर्ष चीनको सिजाङ स्वशासित क्षेत्रमा भएको पहिलो बैठकमा भएका निर्णय एवं सहमतिको कार्यान्वयनको प्रगतिको बारेमा समीक्षा गरिएको थियो। कोभिडका कारण अवरुद्द भएको यात्रु तथा कार्गो सम्वन्धी सवारीसाधनहरुको आवागमन संचालन,काठमाडौं-ल्हासा हवाइ सेवा सुचारु, मौसमी व्यापार नाकाहरुको संचालन तथा व्यापारजन्य पूर्वाधारहरुको निर्माणमा भएको सन्तोषजनक प्रगतिलाई उपलब्धिको रुपमा लिइयो भने केही पूर्वाधार निर्माणमा भएको ढिलाईलाई सहजीकरण गर्नुपर्ने कुरामा जोड दिइएको थियो।

उक्त संयन्त्रको आज सम्पन्न भएको दोस्रो बैठकमा द्विपक्षीय व्यापार र सीमापार व्यापार सहजीकरण, व्यापार पूर्वाधार, लगानी सहकार्य र सीमापार व्यापारसँग सम्बन्धित बिषयमा छलफल भयो। नेपाल र चीनबिच सन् १९८१ मा भएको व्यापार तथा भुक्तानी सम्बन्धी सम्झौताको परिमार्जनको कार्यलाई यथाशीघ्र अगाडि बढाउने कुराको साथै द्विपक्षीय व्यापार तथा लगानीका विविध विषयमा छलफल एवं सहमति भयो। यसैगरी चीन सरकारको अनुदान सहयोगमा रसुवाको टिमुरेमा निर्माणाधिन सुख्खा बन्दरगाहको निर्माण कार्य तोकिएको समयमा पूरा गर्ने कुरामा जोड दिँदै दुबै पक्षले आ-आफ्नो तर्फबाट गर्नुपर्ने सहजीकरणका लागि प्रतिबद्धता व्यक्त गरियो।

नेपालको तर्फबाट ऊर्जा, पर्यटन र कृषिमा आधारित उद्योगहरुमा ढुक्क भएर लगानी गर्नको लागि चिनिया पक्षलाई अनुरोध गरिएको थियो। सो सन्दर्भमा चिनियाँ पक्षबाट आफ्ना लगानीकर्ताहरुलाई नेपालमा लगानी गर्न प्रोत्साहन गरिरहेको जानकारी गराँउदै नेपाल र चीनविचको व्यापारका सम्भावनाहरुलाई बढाउन दुई देशबिच विद्यमान संयन्त्रहरुलाई थप क्रियाशिल गराउनुपर्ने कुरामा जोड दिइएको थियो। यस अवसरमा सीमा बाहेक अन्य जिल्लाका सवारी चालक तथा सहयोगीहरुलाई चीनका सीमावर्ती बजारहरुमा आवत-जावत गर्न सहजीकरण गर्ने, सीमावर्ती जिल्लाका नागरिकहरुलाई नजिकको चिनियाँ बजारमा प्रवेश गर्ने पासलाई एकरुपता कायम गर्ने, चीनको अनुदानमा निर्माण हुने आयोजनाहरुलाई प्रभावकारी बनाउन समयमै आयोजना छनोट गरी चिनिया पक्षलाई उपलब्ध गराउने जस्ता विषयमा छलफल तथा सहमति भएको थियो। साथै सवारी साधनको सीमापार आवतजावत गर्ने तथा नेपालबाट कृषिजन्य उत्पादन चीनमा निकासी बढाउने र दुई देशबिचको व्यापार असन्तुलन कम गर्न थप कार्यहरु गर्ने विषयमा छलफल भएको थियो।

सफलतापूर्वक सम्पन्न भएको उक्त बैठकले दुई देश विच व्यापार तथा लगानीको क्षेत्रमा थप सहयोग आदान-प्रदान गर्न महत्वपूर्ण योगदान पुर्याएको विचार दुवै पक्षले व्यक्त गर्दै संयन्त्रको तेस्रो बैठक सन् २०२५ मा चीनमा आयोजना गर्ने निर्णय गरियो।

मितिः २०८१ मंसिर १३ गते।

सहसचिव/प्रवक्ता

फोन नं.: ४२११५७९, ४२११४४६, फ्याक्स नं.: ९७७-१-४२११६१९/९७७-१-४२११६७
E-mail:info@moics.gov.np, Website: http://www.moics.gov.np